# कटारी नगरपालिकाको
# सेवा करारमा पदपूर्ति गरिने सम्बन्धी सूचना...

(प्रथम पटक प्रकाशित मिति: २०७७/०९/१५)

यस कटारी नगरपालिकामा आ.व. २०७७/०७८ को लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यबस्थित बसोबासीको लगत संकलन इकाईको लागि तपसिल बमोजिमका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (सो दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको अर्को दिन कार्यालय समयभित्र) निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएका वा रितपूर्वक प्राप्त नभएका निवेदन उपर कुनै कार्वाही गरिने छैन।

तपशिल

| क्र.सं. | विज्ञानपन नं. | पद | तह | संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १-०७७/७८ | संयोजक | अधिकृतस्तर छैटौ | १ | १०००/- | |
| २ | २-०७७/७८ | सर्भेक्षक | सहायकस्तर पा“चौं | ३ | ७००/- | |
| ३ | ३-०७७/७८ | अमिन | सहायकस्तर चौथो | ३ | ५००/- | |
| ४ | ४-०७७/७८ | तथ्यांक संकलन | सहायकस्तर चौथो | १४ | ५००/- | |
| ५ | ५-०७७/७८ | लगत प्रविष्टिकर्ता | सहायकस्तर चौथो | ५ | ५००/- | |
| ६ | ६-०७७/७८ | सामाजिक परिचालक | सहायकस्तर चौथो | ३ | ५००/- | |
| ७ | ७-०७७/७८ | फिल्ड सहयोगि | श्रेणीविहीन | ३ | ३००/- | |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव:**

१. (क) संयोजक: व्यवस्थापन संकाय, शिक्षा शास्त्र, मानविकी, समाज शास्त्र वा अर्थ शास्त्र विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको (व्यवस्थापन संकायमा न्यूनतम र माथिल्लो योग्यता भएको, कम्प्युटर सम्बन्धी ज्ञान भएको तथा अनुभवीलाई प्राथमिकता दिइनेछ)।

(ख) सर्भेक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त।

(ग) अमिन: मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।

(घ) तथ्यांक संकलक: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गरेको।

(ङ) लगत प्रविष्टिकर्ता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एस्.एल्.सी. वा सो सरह उत्तीर्ण वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको वा एस्.एल्.सी. वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट क्ष्ड्ढष्ड्ढ क्पर्ष्भिम :बल एयधभच को लागि संचालित तीन महिने कम्प्युटर तालिम प्राप्त।

(च) सामाजिक चरिचालक: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस्.एल्.सी. वा सो सरह उत्तीर्ण।

(छ) फिल्ड सहयोगि: साक्षर।

२. उमेर: १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा उमेर हद ४० वर्ष ननाघेको हुनेछ।)

३. निवेदन बुझाउने स्थान: कटारी नगरपालिकाको कार्यालय, कटारी (राजश्व शाखा)।

४. परीक्षाको किसिम: अन्तर्वार्ता।

५. सेवा तथा सुविधा: नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

६. निवेदन साथ संलग्न गर्नु पर्ने आवश्यक कागजात: निवेदक स्वयंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु:

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि। ख) न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि।

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि। घ) पासपोर्ट साइजको ३ प्रति फोटो।

ङ) व्यक्तिगत विवरण (द्यष्य(मबतब) च) परीक्षा दस्तुर बुझाएको सक्कल रसिद।

७. आवेदन फारम यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

८. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

९. यस करार सेवाको अवधि २०७८ असार मसान्त सम्मको हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

**कटारी नगरपालिका, नगर कार्यकापलिकको कार्यलय**
**कटारी उदयपुर, प्रदेश १, नेपाल**

## सार्वजनिक..

गर्दासमेत उपभोक्ता समिति गठन हुने गरेको छ।

कार्यालयले कार्यविधि निर्माण शुरु गरेपनि नेतृत्व परिवर्तन हुने बित्तिकै त्यस विषयमा जानकारी नहुने गरेको छ। कार्यालयका प्रवक्ता सुशील ढकाल सार्वजनिक खरीद ऐन र नियमावलीमै उपभोक्ता समितिसम्बन्धी स्पष्ट व्यवस्था भएकाले कार्यालयले कार्यविधिको मस्यौदा नगरेको दाबी गर्नुहुन्छ।

**१० करोडसम्मको काम उपभोक्ता समितिबाट**

सार्वजनिक खरीद ऐनमा रु एक करोड लागतसम्मका योजना उपभोक्ता समितिमार्फत गर्न सकिने उल्लेख छ। विसं २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति पुगेका सम्पदा उपभोक्ता समितिमार्फत पुनर्निर्माण गर्न रु १० करोडसम्मका योजना उपभोक्ता समितिमार्फत गर्न सकिने कार्यविधि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जारी गरेको छ।

यो कार्यविधिअनुसार रानीपोखरी पुनर्निर्माण सम्पन्न भएको छ। यसैगरी काष्ठमण्डप र रातो मत्छेन्द्रनाथ पनि उपभोक्ता समितिमार्फत नै पुनर्निर्माण भइरहेको छ। रातो मत्छेन्द्रनाथ श्रीलङ्का सरकारको अनुदान सहयोगमा पुनर्निर्माण गर्न बोलपत्र भएका निर्माण व्यवायीले सम्पन्न गर्न नसकेपछि उपभोक्ता समितिमार्फत पुनर्निर्माण गर्न लागिएको हो।

तीनै तहका सरकारमा सार्वजनिक खरीदका काम गर्दा ज्ञान, सीप एवं दक्षता नभएकाले बेरुजु रकम बढ्ने गरेको महालेखा परीक्षकको कार्यालयले प्रतिवेदनमा उल्लेख गरेको छ। सार्वजनिक खरीद ऐन, २०६३ को दफा ४४ तथा नियमावली २०६४ नियम ९७ मा निमाण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समितिमार्फत काम गराउन सकिने व्यवस्था छ।

यो व्यवस्था विपरीत उपभोक्ता समितिले काम गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ। करीब १४४ स्थानीय तहमा गठन भएका उपभोक्ता समितिले पूर्व स्वीकृति नलिई ठूला उपकरण प्रयोग गरेर रु एक अर्ब ४६ करोड १८ लाख ९२ हजार खर्च गरेका छन्।

यसैगरी ३८ स्थानीय तहले लागत अनुमानमा उल्लेखित रकममध्ये जनसहभागिताको अंश नखुलाई रु २३ करोड ६० लाख ५१ हजार खर्च लेखेका छन्। करिब २०२ स्थानीय तहले रु १४ करोड उपभोक्ता अंश कट्टी नगरी समितिलाई भुक्तानी दिएकाले असुल गर्न कार्यालयले सरोकार भएका निकायलाई निर्देशन दिएको छ।

स्थानीय तह र प्रदेश सरकारमात्र नभई सङ्घीय सरकारले समेत उपभोक्ता समितिमार्फत् काम गराउने गरेका छन्। सङ्घीय सरकारका खानेपानी, सिँचाइ र शहरी विकास मन्त्रालयअन्तर्गतका धेरै काम उपभोक्ता समितिमार्फत हुने गरेको महालेखापरीक्षकको कार्यालयका प्रवक्ता महेश्वर काफ्लेले बताए।

उपभोक्ता समितिमार्फत हुने काममा अनेक समस्या आएको महालेखापरीक्षकको कार्यालयले प्रतिवेदनमा उल्लेख गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि दुई वर्षअघि नै ६१ बुँदे निर्देशन दिँदै कानूनअनुसार काम गर्न निर्देशन दिएको थियो। प्रतिनिधिसभा सार्वजनिक लेखा समितिका सचिव एवं सङ्घीय संसद् सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डे समितिका काम अपारदर्शी हुने गरेको बताउँछन्।

उपभोक्ता समितिले गर्ने कामका विषयमा स्पष्ट कानूनी व्यवस्था नहुँदा महालेखालेसमेत प्रतिवेदनमा उल्लेख गरेको उहाँको भनाइ छ। लेखा समितिमा उपभोक्ताकै विषयमा छुट्टै छलफल गराउन सकिने भए पनि नभ्याएकाले कानून निर्माणमा निर्देशन दिन सकेको छैन। स्पष्ट कानूनी व्यवस्था नभएकै कारण सांसद पूर्वाधार कोषको बजेटसमेत विवादमा आउने गरेको छ। सांसद पूर्वाधार कोषका अधिकांश बजेट पनि उपभोक्ता समितिमार्फत नै खर्च हुने गरेको छ।

## नेकपा...

यसैगरी नेकपा प्रदेश १ कमिटीका सदस्यहरुले मोहनबहादुर खत्री, लगायतका नेताहरुले संसद विघटन पुर्नस्थापना हुने र नेकपा नाम र सुर्य चिन्ह भएको आधिकारी नेकपा प्रचण्ड माधव समूह नै भएको दावी गरेका थिए। नेकपा उदयपुरका अध्यक्ष विनोद कटुवाल 'दिवश'ले संसद विघटनले नेपाली जनताको भावनामा चोट पुऱ्याएको बताए। 'जनताको जनमतमाथि अमपान भएको छ,' उनले भने, 'अहिले चुनावको समय होइन, जनताले दिएको जनमतको कदर गर्दै स्थायी शान्ति र सम्बृद्धिको बाटोमा अघि बढ्ने बेला हो।'

उनले जनताको जनमत खोसिएकाले नेपाली जनतलाई एक पटक आन्दोलनमा आउन आग्रह समेत गरेका छन्।

'संविधानमा नभएको अधिकार प्रयोग गरेर संसद विघटन भएको छ,' उनले भने, 'अदालतको फैसला जनपक्षीय हुन्छ, नभए जनतानै अघि बढ्नुपर्छ।' प्रचण्ड माधव नेतृत्वको नेकपा उदयपुरले संसद विघटनको पक्षमा विभिन्न आन्दोलनहरु गर्दै आएको छ।

**पार्टी केन्द्रको सर्कुलर अनुसार अघि बढ्छः सचिव राउत**

आज (मंगलबार) गाईघाटमा विशाल ऱ्यालीसहित आमसभा गरेको थियो। नेकपा प्रचण्ड माधव समूहको छलफल र बैठक जिल्ला व्यापारी बनाउने गरी अघि बढेको जिल्ला सचिव इश्वरमणी राउतले जानकारी दिए।

'पार्टी केन्द्रको सर्कुलर अनुसार अघि बढ्छ,' उनले भने, 'जिल्लाका आठवटै स्थानीय तह, वडा, टोलटोलमा भेला र प्रशिक्षणका कार्यक्रम आयोजन गर्ने तयारी छ।' आयोजकले जनाए अनुसार गाईघाटको पिपल चोकबाट करिव ४ हजारको संख्यामा पार्टीका नेता, कार्यकर्ताहरुको सहभागिता रहेको थियो। र्यालीमा सहभागीहरुले पुस ५ गतेको असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी भन्दै प्रदर्शन गर्दै आएका थिए।

## ५१२ स्थानीय....

दुई अर्ब ७४ करोड रकम ब्रोडब्याण्ड परियोजनाको लागि सेवा प्रदायकलाई भुक्तानी गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार उक्त परियोजना अन्तर्गत देशभरका नगरपालिका, गाउँपालिका, वडा कार्यालय, शैक्षिक संस्था तथा स्वास्थ्य संस्थामा निःशुल्क ब्रोडव्याण्ड इन्टरनेटसेवा उपलब्ध गराउन लागिएको हो।

प्राधिकरणले सो कोष अन्तर्गत ब्रोडव्याण्ड इन्टरनेट विस्तारमा काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई समेटेको छैन।प्राधिकरणले सो कोष अन्तर्गत ब्रोडव्याण्ड इन्टरनेट विस्तारमा काठमाडौं उपत्यकाका काठमाडौं, ललितपुर छ।


